आ.व. २०७५/०७६ को तेस्रो बैठक

आज मिति २०७५ साल भाद्र १५ गते शुक्रवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति, प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम छन ।

उपस्थिति

अध्यक्षश्री नुमानन्द सुवेदी,राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्षश्री जगदम्वाकुमारी चौधरी ,राप्तीगाउँ कार्यपालिका ।

सदस्यश्री टेकवहादुर कुमाल,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री बेदप्रसादचौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विष्णुबहादुर घर्ति क्षेत्री,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री कुवारी देवीकार्की,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री जगतबहादुर थापा,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विष्णु गुरुङ्ग,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री ताराबहादुर डि.सी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री गोकर्णबहादुर रानामगर,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री गोवर्धन रावत,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विद्याशरण चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्रीसुनितामल्ल,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री ताराकुमारी चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री चन्दर चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री रिमबहादुर सुनारी मगर,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्रीसंजिव परियार,राप्तीगाउँकार्यपालिका ।

सदस्य-सचिवश्री जगतप्रसाद भुसाल,राप्तीगाउँकार्यपालिका ।

**आमन्त्रित**

१- श्री राजेन्द्र कुमार घिमिरे

२. श्री गिरीधारी प्रसाद पन्त ना.सु.

३. श्री रेशमराज अधिकारी स.ले.पा.

४. श्री तिर्थराज ज्ञवाली सन्चार संयोजक

## बैठकका प्रस्तावहरु

१. स्वास्थ्य सेवा तथा अन्य करार कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

२. गाउँ शिक्षा समितिको निर्णय कार्यान्वयन सम्वन्धमा ।

३. प्राविधिक जनशक्ति करारमा लिने सम्वन्धमा ।

४. घर नक्सा अभिलेखिकरणको म्याद थप सम्वन्धमा ।

५. साविकमा गा.वि.स.बाट पास गरिएका नक्सा सम्वन्धमा ।

६. वडा कार्यालयबाट हुने आर्थिक कारोवार सञ्चालन तथा व्यस्थापन कार्यविधि,२०७५ सम्वन्धमा ।

७.व्यवसाय कर संकलन अभियान सञ्चालन गर्ने सम्वन्धमा ।

८.सम्पत्ति करको लागि मूल्याँकन दर स्वीकृत गर्ने सम्वन्धमा ।

९. सामाजिक परिचालकको सेवालाई निरन्तरता प्रदान गर्ने सम्वन्धमा ।

१०. कृषक समूह सञ्चालन कार्यविधि,२०७५ सम्वन्धमा ।

११. विविध खर्च सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०७५ सम्वन्धमा ।

१२. ह्युमपाईप वितरण सम्वन्धमा ।

१३. ५ वटा सडकको कार्य प्रारम्भ गर्ने सम्वन्धमा ।

१४. निर्माण व्यवसायीको व्यवसाय कर सम्वन्धमा ।

१५.छिमेकी सहकारी संस्थालाई मलखाद र विउ विजन बिक्री अनुमती दिने सम्वन्धमा ।

१६. वडा नं.८ का योजना परिवर्तन सम्वन्धमा ।

१७. वडाको सिमा विवाद सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती गाउँपालिका र अन्तर्गतका लालमटिया र सिसहनिया स्वास्थ्य चौकीका करारमा कार्यरत र करारमा कर्मचारी लिने सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क) विगतमा रहेका करार सेवाका कर्मचारीहरुलाई निरन्तरता दिने, अ.न.मी./अ.हे.व.को मासिक पारिश्रमिक रु.१३,०००।- र कार्यालय सहयोगीको रु. १०,०००।- कायम गर्ने ।

ख) गाउँपालिकामा कार्यरत का.स., हेल्पर, माली लगायतका कर्मचारीहरुको मासिक पारिश्रमिक रु १२,५००।- कायम गर्ने र का.स.दिलिप चौधरी तथा पाले शिवलाल सुवेदीको मासिक पारिश्रमिक साविक वमोजिम नै कायम गर्ने ।

ग) स्वास्थ्य सेवाका लागि अ.हे.व.(बैकल्पिक सूचिमा रहेका) लाई रोमिङ्ग स्वास्थ्य सेवा सञ्चालन गर्न सेवा करारमा लिने र स्वास्थ्य चौकी लालमटिया तथा सिसहनियामा (बैकल्पिक सूचिमा रहेका) अ.न.मी.लाई वढीमा ३ महिना का लागि सेवा करारमा लिने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दागाउँ शिक्षा समितिको मिति २०७५।०५।१३ को निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अप्राविधिक तथा प्राविधिक जनशक्ति करारमा देहाय अनुसार लिने निर्णय गरियो ।

**क)** यस गाउँपालिकालेचालु आ.व.देखि सम्पत्ति कर लगाउनु पर्ने , सो का लागि मूल्याँकन गर्नुपर्ने र घर नक्सा अभिलेखिकरणको म्याद समे थप गरी अभिलेखिकरण गर्नुपर्ने भएकाले वडा नं.१ र ५ का लागि सव ईन्जिनियर र अन्य वडाहरुको लागि असिष्टेन्ट सव ईन्जिनियर को सेवा करारमा लिने र निजहरुको न्यूनतम पारिश्रमिक नेपाल सरकारले सो पदका लागि तोकेको शुरु तलव स्केत र आवश्यकता अनुसारको इन्धन उपलव्ध गराउने ।

**ख)** नगर विकास समिति भालुवाङमा कार्यरत अमिन श्री शिवराज चौधरीलाई यस कार्यालयको काममा लगाउन आवश्यक देखिएकाले निजको सेवालाई सेवा करारमा लिने र निजलाई अमिन पदको नेपाल सरकारले उपलव्ध गराउने शुरु स्केल र आवश्यकता अनुसारको इन्धन उपलव्ध गराउने ।

**ग)** वडा नं.५ मा विगत २०७४ मंशीर देखि भोलेन्टियरको रुपमा कार्यरत हेमन्ता रेग्मीलाई कार्यालय सहयोगीको सेवा करारमा लिने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको पहिलो गाउँ सभाबाट घर नक्सा अभिलेखिकरण गर्ने २०७५।५।२६ सम्म तोकिएकोमा सो निर्णय वारे सर्वसाधारण जनतामा सूचना समयमा नपुगेको, घर नक्सा अभिलेखिकरण गर्नुपर्ने संख्या र कर्मचारीहरुको कार्यबोझ विच तादम्यता कायम हुन नसकेको देखिएकोले अभिलेखिकरणका लागि निवेदन पेश गर्ने अवधि २०७५ माघ मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साविकमा गा.वि.स.बाट पास गरिएका नक्साहरु साथ नक्सापास दस्तुर बुझाएको रसिद समेत पेश हुन आएमा नक्सालाई अद्यावधिक गर्न रु.५००।-मात्र लिई घर नक्सा अभिलेखिकरण गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यसराप्ती गाउँपालिकाका वडा कार्यालयबाट हुने आर्थिक कारोवार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम चालु आ.व.०७५/०७६ देखि सम्पूर्ण उद्योगी व्यवासायीहरुलाई व्यवसाय करको दायरामा ल्याउन वडागत रुपमा व्यवसाय दर्ता अभियान मिति २०७५ आश्विन पहिलो हप्ताभित्र सम्पन्न गर्ने गरी शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा पाँच हजार चार सय वर्ग फिट सम्मको जग्गामा बनेको संरचना र सो जग्गाको मूल्याँकन देहाय वमोजिम गरी गाउँ सभाबाट स्वीकृत दररेट अनुसार सम्पत्ति कर संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विगत देखि यस राप्ती गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरुको सेवालाई निरन्तरता प्रदान गर्ने साथै निजहरुको मासिक पारिश्रमिक रु.१२,०००।-कायम गर्ने गरी मिति २०७५ श्रावण १ देखि २०७५ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाका कृषकहरुको मनोवल उच्च राख्न तथा सम्पूर्ण किसानको सम्मान गर्दै कृषि क्षेत्रको प्रवर्द्धन गर्न राप्ती गाउँपालिकाको कृषक समूह सञ्चालन कार्यविधि,२०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस राप्ती गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार चालु आ.व.०७५/०७६ मा गरिने विविध खर्च व्यवस्थित गर्न बनेको राप्ती गाउँपालिका विविध खर्च सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा देहायका वडाहरुलाई देहायको संख्यामा ह्युमपाईप वितरण गर्ने निर्णय गरियो ।

**वडा र वितरण गर्ने ह्युमपाईपको संख्या :**

१ नं.वडा लाई ३० से.मी.को -३ वटा ।
२ नं.वडा लाई ४५ से.मी.को -२ वटा ।
५ नं.वडा लाई ९० से.मी.को -१ वटा ।
७ नं.वडा लाई ३० से.मी.को -४ वटा ४५ से.मी.को -४ वटा, ९० से.मी.को -३ वटा ।
८ नं.वडा लाई ९० से.मी.को -१ वटा ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा राप्ती गाउँपालिकाका प्रमुख ५ वटा सडकहरुको कार्यारम्भ निम्न अनुसारको विन्दुवाट शुरु गर्नका लागि टेण्डर प्रकृया शुरु गर्ने निर्णय गरियो ।

१. छोटकी सिसहनिया वडका सिसहनिया करंगे सडकको : प्रगतिनगर चोक देखि दक्षिण तर्फ ।

२. भानपुर देवीकोट सडकको : मौरीघाट अधुरो पिच देखि दक्षिण भानपुर सम्म र ध्वजा टांगने देखि उत्तर तर्फ ।

३. खुरुरीया लालमटिया हर्षेडाँडा सडकको : हर्षे डाँडा वाट ।

४. भालुवाङ वगासोती सडकको : भालुवाङ्ग फिल्म हल देखि शुरु गर्ने ।

५. राप्ती चक्रपथको : ट्र्याक खोल्ने सबै तर्फ ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्रका सवै व्यवसायीहरुको व्यवसायकर यस आर्थिक वर्ष देखि अशुल गर्न शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा राप्ती गाउँपालिका वडा नं.५ मा रहेको छिमेकी कृषि सहकारी संस्था लि.लाई मलखाद तथा बिउ बिजन बिक्री गर्ने अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा नं. ८ को देहाय अनुसारको योजनाहरुलाई देहायक वमोजिम परिवर्तन गर्ने निर्णय गरियो ।

क) इन्द्रेणी टोल सडक स्तरोन्नतीको रु ९,१८,०००लाई घटाई रु ५,००,००० कायम गर्ने ,

ख) पिपरी सार्वजनिक भवन निर्माण रु ४,१८,००० विनियोजन गर्ने ।

ग) प्रभात टोल सडक स्तरोन्नतीको रकम रु ३,००,००० कायम गर्ने

घ) पिपराको महिला वालवालिका भवन निर्माण  रु ४,००,००० विनियोजन गर्ने ।

ङ) झोलुंगे पुल मर्मतको रकम जुडपानी सिंचाई आयोजनामा संसोधन गर्ने ।

च)पिपरी कुलो पक्की वालको रु ५,००,०००लाई रु ४,००,००० कायम गर्ने ।

छ) सांसद रोड टेडे गल्लीको उत्तर तर्फको ग्रेवल गर्ने रु १,००,००० विनियोजन गर्ने ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा साविक गा.वि.स.को सिमाना र गाउँपालिकाको विभिन्न वडाको सिमानाको कारण मालपोत असुली लगायतका समस्या उत्पन्न भएकोले हालको वडाको सिमानालाई आधार मानी सम्वन्धित वडामा प्रशासनिक काम गर्ने गराउने, वडा नं.१ र २ को सिमाना कटेस नालालाई मानी मालपोत अशुल गर्ने निर्णय गरियो ।